जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २०५ २०८१ साल चैत ४ गते सोमबार (17 Mar. 2025 Monday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : संसद्को सम्मान नै ... ३ पृष्ठमा : कहिले होला महिला ... ३ पृष्ठमा : यमनमा हुथी विद्रोहीविरुद्ध 'निर्णायक र ...

## जब मुख्यमन्त्री सिंहले आफ्नै गृह जिल्लामा गरे अनुगमन

# मापदण्ड विपरित संचालनमा रहेका, नविकरण नगरेका स्वास्थ्य संस्थाका सञ्चालकहरु सटर बन्द गरेर भागे







**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेशका जिल्लाहरुका अस्पताल तथा स्वास्थ्य संस्थामा गरिरहेको अनुगमनलाई निरन्तरता दिँदै आइतबार आफ्नै गृह जिल्ला सप्तरीमा पनि अनुगमन गरेका छन् ।

मुख्यमन्त्री सिंहले सप्तरी सदरमुकाम राजविराज आधा दर्जन अस्पताल तथा स्वास्थ्य संस्थामा अनुगमन गरेका हुन् । सो क्रममा मापदण्ड पुरा नगरेका तथा दर्ता विना नै सञ्चालनमा रहेका दुई स्वास्थ्य संस्थालाई बन्द गर्न निर्देशन दिएका छन् ।

मुख्यमन्त्री सिंह नेतृत्वको टोलीले संघीय सरकारको मातहतमा रहेका गजेन्द्र नारायण सिंह अस्पतालका साथै निजी क्षेत्रद्वारा सञ्चालित छिन्नमस्ता अस्पताल, युनिक सिटि अस्पताल, सन्जनदीप हस्पीटल प्रालि, अनार भुवनेश्वर हस्पीटल प्रालि, भारती इमेजिङ्ग सेन्टर र गजेन्द्रनारायण सिंह अस्पतालका पुर्व मेडिकल सुपरीटेण्डेन्ट डा दिलिप साहद्वारा सञ्चालित निजी क्लिनिकको अनुगमन गरे ।

सो क्रममा पुर्व मेसु डाक्ट. साहले सञ्चालन गरेको क्लिनिक मापदण्ड विपरित भएकोले तत्कालै प्रकिया पुरा नभए सम्मका लागि उक्त क्लिनिक बन्द गर्ने आदेश सहितको पत्र थमाइएको अनुगमन टोलीमा सहभागी मधेश प्रदेश मुख्यमन्त्री कार्यालयका जनस्वास्थ्य अधिकृत संतोष ठाकुरले जानकारी दिए ।

उक्त क्लिनिक बन्द भएसंगै त्यहाँ भर्ना रहेका दुई दर्जन विरामीलाई उपयुक्त अस्पतालमा स्थानान्तरण गरि उपचारको व्यवस्था मिलाउने र नयाँ विरामी भर्ना नगर्न समेत क्लिनिक सञ्चालकलाई निर्देशन दिएको अधिकृत ठाकुरले बताए ।

भारती इमेजिङ्ग सेन्टर संग स्वास्थ्य मन्त्रालयको अनुमति नदेखिएकाले तत्काल सो प्रक्रियामा जान भन्दै टोलीद्वारा समय सिमा तोकेरै सञ्चालकलाई पत्र थमाइएको छ ।

यस्तै युनिक सिटि हस्पीटल र अनार भुवनेश्वर हस्पीटल प्रालिलाई दुई महिना भित्र नविकरण तथा विपन्न समुदायका विरमीलाई दिने दश प्रतिशत छुटको विवरण उपलब्ध गराउन तथा सन्जनदीप हस्पीटल प्रालिलाई दुई महिना भित्र स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड पुरा गर्न र शल्यक्रिया कक्षमा एनेशथेसिया चिकित्सकको व्यवस्था गर्न निर्देशन सहितको पत्र दिईएको छ ।

अनुगमनको खवर पाएपछि मापदण्ड विपरित संचालनमा रहेका, नविकरण नगरेका स्वास्थ्य संस्थाका सञ्चालकहरुले सटर बन्द गरेर भागेका थिए ।

प्रदेश भरिका अस्पताल र स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुको अनुगमन गर्ने अभियान चलिरहेका बखत आफ्नो गृह जिल्लाको अस्पतालहरुलाई पनि अनुगमन गरिदिन जनस्तरबाट गरिएको मध्य नजर गर्दै अनुगमन गरिएको मुख्यमन्त्री सिंहले बताए ।

मापदण्ड पुरा नगरेका तथा दर्ता विना नै संचालनमा रहेका स्वास्थ्य संस्थालाई नियमन गरि व्यवस्थित गर्ने उद्देश्यले यस्तो अभियान थालिएको र यो क्रम चलिरहने उनको भनाई छ ।

अनुगमनका क्रममा मुख्यमन्त्री सिंहले स्वास्थ्यकर्मीहरुको परिचयपत्र, अस्पतालको सरसफाई तथा वेडवेडमा पुगि बिरामीहरुको अवस्था बारे जानकारी समेत लिएका थिए ।

मापदण्ड विपरित सञ्चालनमा रहेका अस्पताल र स्वास्थ्य संस्थालाई व्यवस्थित गर्न चलाईएको अभियानले यस क्षेत्रमा सुधार ल्याउनुका साथै विरामीले सहज र सुलभ ढंगबाट स्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने विश्वास गरिएको छ ।

## छुट्टाछुट्टै स्थानमा आगलागि हुँदा एक घर र काठ जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**
सप्तरीको दुई छुट्टाछुट्टै स्थानमा शनिबार राती आगलागि हुँदा लाखौं मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ ।

जिल्लाको कंचनरुप नगरपालिका ४ कविलासा बस्ने भागवत विश्वासको गाइगोठमा लामखुट्टे धपाउन बालेको घुरबाट सल्केको आगोले उनको एक घर जलेको छ ।



प्रहरीका अनुसार गाईगोठ भित्र रहेको एक गाई, चार बाखा, तीन बाखाको पाठा र पाँच क्विन्टल धान पुर्ण रुपमा जलेर नष्ट हुदा अन्दाजी ४ लाख मुल्य बराबरको क्षती भएको हो ।

आगो नेपाल प्रहरी, कंचनरुप नगरपालिकाको बारुणयन्त्र र स्थानियबासीको सहयोगमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै शनिबारै राती जिल्लाको सुरुङ्गा नगरपालिका ३ स्थित सब वन डिभिजन कार्यालय लक्ष्मीपुर नजिकै रहेको जंगलमा आगलागि

*बाँकी अन्तिम पृष्ठमा*

**डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं ।**

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानीस, बन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

**त्यसैले डढेलोबाट जोगिन:**

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- वन संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### जिम्मेवार बनौं

जनता अहिले जनसरोकारसँग सम्बन्धित विषयमा आफै जिम्मेवार बन्नु आवश्यक छ। अहिलेको अवस्थामा सार्वजनिक जनसरोकारवाला विषयमा पनि जनता आफै जिम्मेवार बन्नु आवश्यक छ। चाहे त्यो विकासीय कार्य होस् वा जनसरोकारको विषयमै कीन नहोस्। विकासीय कार्य भन्नाले जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय हो। विकास व्यक्तिको नभई समग्र देश, जिल्ला, नगर हुँदै समाजका लागि हुन्छ। समाजमा एक परिवारहुँदै बहुपरिवारको बसोवास हुन्छ। त्यसैले सम्बन्धीत निकायले विकास गरिरहेको छ भने त्यसप्रति हामी सामाजिक प्राणीले चासो राख्नु आवश्यक छ। विकासको सवालमा बाधा उत्पन्न नगरि सकारात्मक सोच राख्नु पर्छ। यदी त्यसमा कुनै हानी नोक्सानी पुऱ्याउने कार्य भइरहेको छ भने त्यसलाई सुधारका लागि खबरदारी गर्नु पनि उत्तिकै जरुरी छ।

त्यस्तै अर्को जनसरोकारका विषय भनेको जनतालाई प्रत्यक्ष लाभ तथा हानी हुने विषय हो। यसमा जनताको स्वास्थ्यसँग खेलवाड गर्ने जो सुकै तथा समाजलाई नकारात्मक असर पुगिरहेको छ भने त्यस्ता कार्यलाई प्रतिकारदेखी दण्डित गर्नेसम्म पर्छ। हो यस्ता विषयमा जनता नै चनाखो हुनसकेमा त्यस्ता नकारात्मक तत्वहरुले समाजसँग खेलवाड गर्न सक्दैन्।

तसर्थ यस्ता कार्यहरुलाई प्रत्यक्ष निगरानीमा राखेर सकारात्मक पक्षलाई अवलम्बन गर्ने नकारात्मक पक्षलाई बहिष्कार गर्नेतर्फ जनता जागरुक र जिम्मेवार बन्नु अत्यन्त आवश्यक छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# संसद्को सम्मान नै राज्यको अपेक्षा

**हरिविनोद अधिकारी**

काठमाडौं, ३ चैत (रासस)।

संसदीय व्यवस्थाको जननी भनेर बेलायतलाई मानिन्छ। बेलायती तरिकाको संसदीय व्यवस्थामा संसद्मा जनताबाट निर्वाचित प्रतिनिधि रहन्छन्। त्यही संसद्बाट सरकारको गठन हुन्छ। व्यवस्थापिका अर्थात् संसद्का अनेक स्वरुप हुनसक्छन् एक सदनात्मक र दुई सदनात्मक। संसदीय व्यवस्थामा आवधिक निर्वाचनको प्रक्रिया मान्ने संस्थाको रुपमा विशेषता रहेको संसदले नै राष्ट्रका सम्पूर्ण समस्याको समाधान गर्ने भन्ने ठानेर बेलायतमा १३औं शताब्दीदेखि अनवरतरुपमा अभ्यासमा छ र विश्वभरका संसदीय व्यवस्थाको आदर्शका रुपमा बेलायती शासन प्रणालीलाई मानिन्छ।

हाम्रो देशमा पनि राणाकालीन बेलादेखि संसदीय व्यवस्थाको परिकल्पना गरेका थियौं तर राणाकालीन समयमा त्यो शासकबाट प्रत्यक्ष निर्देशित हुने प्रावधान भएकाले त्यसले प्रजातान्त्रिक रुप लिन सकेन तर २००७ सालपछि भने पहिले सल्लाहकार सभाका रुपमा अनि २०१५ सालको नेपाल अधिराज्यको संविधानअनुसार भएको पहिलो आमनिर्वाचनले दुई सदनात्मक संसद्को व्यवस्था गऱ्यो र तल्लो सदन प्रतिनिधिसभा प्रत्यक्ष निर्वाचित सांसदहरुको सभा र राष्ट्रका विभिन्न पक्षहरुको प्रतिनिधित्व गराउनका लागि महासभाका रुपमा गठन गरियो।

संसद् जनताको प्रतिनिधित्व गर्ने संस्थाको रुपमा नै लिइन्छ र संसदीय व्यवस्थाको प्रमुख विशेषता नै यहींबाट बहुमत प्राप्त गर्ने दलले सरकारको गठन गर्छ। प्रत्येक प्रजातान्त्रिक व्यवस्थामा सरकार बन्ने, विघटन हुने र संसद्को गठन र विघटनका आफ्ना विशेषतायुक्त संवैधानिक प्रावधान हुन्छन्। त्यसो त प्रजातन्त्रको निरन्तर प्रयोगको इतिहास भएको बेलायतमा लिखित संविधान नभए पनि प्रचलित परम्परा र प्रजातन्त्रको विकासका लागि तयार गरिएका विभिन्न प्रकारका ऐनहरुले प्रजातन्त्रभित्र संसद्को गरिमालाई अक्षुण्य राखिएको पाइन्छ।

हाम्रो नेपालमा तयार गरिएका २०१५ र २०४७ सालमा तयार पारी अभ्यासमा आएका नेपाल अधिराज्यका संविधानहरुका विशेषताहरुमा धेरैजसो बेलायतको संसदीय परम्पराको झझल्को आउने खालका थिए भने २०७२ सालको संविधानले भने नेपाललाई गणतन्त्रात्मक देशका रुपमा संविधानको व्यवस्था गरिएको छ। विसं २०७२ को नेपालको संविधानले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहीत रहेको मानेको छ र यसको प्रयोग संविधानमा व्यवस्था भएबमोजिम हुने भनिएको छ। यसैगरी, नेपाल राज्य भन्नाले नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादोन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य मानिएको छ।

नेपालको संविधानको भाग ८ मा सङ्घीय व्यवस्थापिकाको व्यवस्था गरिएको छ, जसमा दुई सदनात्मक प्रतिनिधिसभा र राष्ट्रियसभाको व्यवस्था छ। प्रतिनिधिसभामा दुई सय ७५ सदस्य हुन्छन्, जसमा एक सय ६५ जना धेरै मत ल्याउने उम्मेदवारले जित्ने छन् भने एक सय १० जना दलहरुले पाउने मतका आधारमा समानुपातिक मनोनयनबाट छानिने व्यवस्था छ। यसरी समानुपातिक सदस्यहरुको नामावली निर्वाचन आयोगमा पेस गर्दा वा निर्वाचन आयोगलाई त्यस्तो बन्दसूची पेस गर्दा संविधानअनुसारका विभिन्न समूहबाट प्रतिनिधित्व गराउने गरी दिनुपर्छ।

यसैगरी स्थायी सदनका रुपमा मानिने राष्ट्रियसभा ५९ सदस्यीय हुनेछ जसमा ५६ जना प्रादेशिक रुपमा समावेशी प्रतिनिधित्व गराउनुपर्नेछ र तीन जना नेपाल सरकारको सिफारिसमा कम्तीमा एक महिला पर्नेगरी मनोनीत गर्ने अधिकार राष्ट्रपतिलाई दिइएको छ।

हाम्रो २०७२ सालको संविधानले बेलायती संसदको भन्दा फरक तरिकाले जनप्रतिनिधित्व गराउने तरिका अपनाएको छ। यो पूर्ण समानुपातिक पनि छैन, जनताबाट सिधै निर्वाचन लडेर जित्ने मात्र प्रतिनिधिहरु पनि छैनन्। यसलाई मिश्रित प्रणाली पनि भनिन्छ तर पनि सरकार बनाउनका लागि भने प्रतिनिधिसभामा बहुमत ल्याउने दलको संसदीय दलको नेता वा कसैको बहुमत नभएको बेलामा प्रतिनिधिसभामा बहुमत प्राप्त गर्ने प्रत्याभूति दिलाउने सांसदलाई सम्माननीय राष्ट्रपतिले प्रधानमन्त्रीका रुपमा सरकार बनाउन आह्वान गरिने चलन छ। अर्थात् प्रधानमन्त्री संसद्मार्फत् जनताप्रति जवाफदेही हुने गरी संवैधानिक प्रक्रिया राखिएको छ। सरकार प्रधानमन्त्रित्व प्रणालीमा चलेको छ र प्रधानमन्त्रीले चाहँदा सांसद नभएको व्यक्ति पनि मन्त्री गराउन सक्नेछन् तर छ महिनाभित्रमा तल्लो या माथिल्लो सदनमा प्रतिनिधित्व हुनैपर्छ।

हाम्रो परम्परागत तरिकाले पनि काम गरेको छ, जसले संसदीय व्यवस्थाका आधारमा शासन प्रणाली चलाइएको छ। प्रदेशमा भने एक सदनात्मक प्रणाली हुन्छ र सांसदमात्रै मन्त्रिपरिषद्मा रहने व्यवस्था छ। हामीले कल्पना गरेको संसद्ले संविधानका आधारभूत विषयमा बाहेक संविधान संशोधन गर्न सक्छ। त्यसका लागि संविधान संशोधन गर्ने प्रस्तावित विधेयकलाई दुवै सदनको दुई तिहाइ मतले पारित गर्नुपर्छ।

संसारका संसदीय प्रणाली भएका मुख्य देशहरुमा बेलायत, भारत, जापानजस्ता देशमा संसद्ले नै राष्ट्रिय समस्या समाधान गर्ने मुख्य थलो संसद्लाई मानिन्छ। हामीले पनि मुलुकका सबै राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विवादका कुराहरु र देखिने सम्पूर्ण राष्ट्रिय समस्या संसद्ले नै समाधान गर्नेछ भन्ने मान्यता राखिएको छ।

यता केही वर्षदेखि संसद्का काम कारवाहीमा निष्क्रियता देखिएको भनेर राजनीतिक पर्यवेक्षकहरुले भन्न थालेका छन्। त्यसका कारणहरुमा मौलिक हकका लागि आवश्यक ऐनहरु अझसम्म तयार गर्न नसकेको विषयलाई लिइएको छ। सङ्घीय संसद्को तल्लो सदन प्रतिनिधिसभाका कतिपय माननीय सांसदहरु संसद् अधिवेशन भएका बेलामा हाजिर गरेर निस्कने गरेकाले गणपूरक सङ्ख्या नपुगेर महत्वपूर्ण विधेयकहरु प्रस्तुत हुन नसकेको समाचार आउँदा मतदाताहरुको मन कुँडिन्छ। यसले एकातिर सांसदहरु आफू जे कामका लागि जनताको अमूल्य मतले संसद्मा प्रवेश गरेका हुन्, त्यसप्रति कति सचेत छन् भन्ने नकारात्मक सन्देश प्रवाहित गरेको पाइन्छ भने अर्कोतिर संसद्को गरिमाप्रति औंलो ठड्याउनेलाई यसले बल पुऱ्याउँछ। यसो हुँदा संसद्ले आफ्नो गरिमा घटाउँदै गएको भनेर दोष लगाउनेहरुले औंलो ठड्याउनेलाई र संसदीय व्यवस्थाका विरोधीहरुलाई मौका दिएको ठहर्छ।

संसद्को गरिमा हामीले राख्ने हो। संसद् आफैं केही बोल्दैन तर आफ्ना कर्तव्यप्रति सचेत रहेको भनेको संविधान, ऐन, नियमावलीले देखाउँछ। संसद् बोल्ने भनेको सभामुखमार्फत् हो। त्यसैले सांसदहरुले नियमानुसार बोल्दा सभामुखलाई सम्बोधन गरेर उहाँमार्फत आफ्ना कुरा सार्वजनिक गरिन्छ, चाहे त्यो सरकारले गरोस् या सांसदले गरुन्।

केही दिनअघि राष्ट्रिय समाचार समितिले विभिन्न दलका मुख्य सचेतक, सचेतकहरुसँग अन्तरक्रिया कार्यक्रम गरेका बेलामा सहभागी भएकाहरुले जिज्ञासा उठाएका थिए अध्यादेश पारित हुने या नहुने, विधेयक संशोधन गर्ने या नगर्ने या पारित गर्ने या नगर्ने तपाईंहरुको कर्तव्य हो तर जे कामका लागि संसद् छिर्नु भएको हो, संसद्मा उपस्थिति त बेलैमा जनाउन लगाउनुस्, संसदको बैठक चलुञ्जेल सबै दलका सांसदहरु संसद्भित्रै उपस्थित गराउनुस्। अनि मुख्य सचेतकहरुले हाम्रो कोसिस रहनेछ, के गर्नु, सांसदज्यूहरु हाजिर गरेर हिँड्नुहुन्छ भन्ने जवाफ दिनुभएको थियो।

संसद्को बैठक खुला नै हुन्छ सामान्यतया, खासगरी प्रतिनिधिसभामा खालीखाली देखिन्छ। बेलुका समाचार आउँछ, सांसदहरु हाजिर गरेर हिँडेकाले कोरम पुगेन र विधेयक प्रस्तुत हुन सकेन। वास्तवमा जनताले, प्रत्यक्ष या अप्रत्यक्ष रुपमा होस्, सांसदलाई संसदमा भूमिका निर्वाह गर्न पठाएको हो। काम धेरै छ भने राजीनामा दिएर आफ्ना कामहरु गर्न स्वतन्त्र हुन सकिन्छ। होइन भने पाँच वर्ष या छ वर्षका लागि चुनिएका सांसदहरु (सङ्घीय या प्रदेशसभामा जहाँ भए पनि) को कर्तव्य हुन्छ जनताका अति जरुरी कामका बारेका संसद्मा सूचना दिने, सरकारलाई सचेत गराउने, सभामुखमार्फत निर्देश दिन लगाउने काम गर्नुपर्छ। सांसदहरु संसद्मा सहभागी नभई कहाँ गए त ? व्यक्तिगत काममा ? नियमअनुसार सभामुख या अध्यक्षलाई जानकारी हुनुपर्छ। संसदीय व्यवस्था भनेको अराजक व्यवस्था हैन, झन नियम कानुनको राज्यका लागि कानुन बनाउने ठाउँ हो। सांसदको पहिलो दायित्व संसद्प्रति र संसदमार्फत जनताप्रति हुन्छ।

सभामुख र अध्यक्षले पनि सांसदहरुको उपस्थितिलाई कोरमसम्म मात्र सीमित नगरी सबै सांसदहरुलाई सकेसम्म अनिवार्य उपस्थितिका लागि निर्देश दिनुपर्ने हुन्छ। कोही विरामी होलान् या कतै जानुपर्ने होला सरकारी काममा, संसद्का काममा, जनताका काममा। सभामुख वा अध्यक्षको अनुमति लिएर जान सकिन्छ। संसद्को मर्यादा राखेमात्र सांसदको पनि मर्यादा रहनेछ। नेपालको संविधानले राखेको अपेक्षा र नेपाली जनताले राखेको गतिशील राजनीतिको, विकासको चाहना र मुलुकको आधुनिकीकरणको चाहना पूरा गर्ने भनेको संसद्मार्फत सांसदहरुले हो। संसद्मा सरकारले प्रस्तुत गरेका योजनालाई परिमार्जित गरेर र जनताका आवश्यकता पूरा गर्न सरकारलाई बाध्य पार्ने काम संसद्मार्फत सांसदहरुले हो। अनिमात्र संसदीय व्यवस्थाको महत्व र मर्मको सही प्रतिनिधित्व हुनेछ।

# अहिलेको संविधानले राजतन्त्र चिन्दैन : एमाले सांसद पन्त

काठमाडौं, ३ चैत (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद रघुजी पन्तले अहिले मुलुकमा भ्रम र निराशाको खेती व्यापक रुपमा चलेको एवं कतिपय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको दुरुपयोग भइरहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकको विशेष समयमा उहाँले देशका बहुसङ्ख्यक जनताले आफ्नो जीवनस्तरमा परिवर्तन आएको, आर्थिकस्तर सुध्रेको विभिन्न अध्ययनले देखाएको बताउनुभयो। उहाँले नकारात्मक धारणा र अफवाह फैलाउने कार्य तत्काल बन्द गर्न सम्बन्धित पक्षलाई आग्रह गर्नुभयो।

सांसद पन्तले विसं २०६५ जेठ १५ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछिको १५ वर्षपछि नेपालीको आय यो अवधिमा झण्डै तीनगुणा बढेको जानकारी दिनुभयो। "आर्थिक विकासका साथसाथै लोकतन्त्रको महत्व बढी छ", सांसद पन्तले भन्नुभयो, "राजाको ३० वर्षे पञ्चायतीकालभन्दा अहिलेको

बाँकी तीन पृष्ठमा

# कहिले होला महिला स्वास्थ्य स्वयंसेविकाको मूल्याङ्कन ?

**अमृता अनमोल**

काठमाडौँ, ३ चैत (रासस) ।

रुपन्देहीको सबैभन्दा विकट क्षेत्र हो मर्चवार । मर्चवारको पनि सबैभन्दा दक्षिण सीमाक्षेत्रको गाउँ हो, सम्मरीमाई गाउँपालिका । यही सम्मरीमाई गाउँपालिका-६ मा छ, असुरैना स्वास्थ्यचौकी । असुरैना हेल्थपोष्टमा पुग्नुभयो भने तपाइँले स्वास्थ्यचौकीसँगै देख्नुहुनेछ व्यवस्थित सुत्केरी कुरुवा घर । सुत्केरी हुन आउने महिलाका आफन्त बस्ने ठाउँ नहुँदा समस्या भएपछि २०७९ सालमा स्वास्थ्य स्वयंसेविकाहरुको अगुवाइमा यो कुरुवा घर बनेको हो । कुरुवा घर बनेपछि असुरैनामा गर्भजाँच गराउन र सुत्केरी हुन आउने महिलाको सङ्ख्या ह्वात्तै बढेको छ । कुरुवा घर बन्नुअघि यहाँ मासिक १० जना मात्रै महिला प्रसूति हुन्थे । अहिले मासिक ४२ जनासम्म महिलाले यही स्वास्थ्यचौकीमा शिशु जन्माएका छन् । गाउँमा घरमै सुत्केरी हुने र उपचारका लागि टाढाका स्वास्थ्य संस्था जाने चलन हटेको छ ।

कसरी बन्यो त सुत्केरी कुरुवा घर ? गाउँपालिकाका पदाधिकारीका अनुसार मुस्लिम समुदायको बाहुल्यता रहेको यस क्षेत्रमा आठ वर्षअघि २४ घण्टे प्रसूति सेवा सुरु भए पनि सुत्केरी हुने महिला आएनन् । कारण बुझ्न स्वास्थ्य स्वयंसेविकालाई घरदैलो गराइयो । सेवा लिन जानेले बस्ने ठाउँ नहुँदा सुत्केरी हुन जान समस्या हुने गुनासो गरे । स्वास्थ्य स्वयंसेविकाहरुले समस्या समाधान गर्न कुरुवा घर बनाउनुपर्ने प्रस्ताव बनाए । उनीहरु आधारभूत स्वास्थ्य परियोजना र सम्मरीमाई गाउँपालिमा गए । सम्मरीमाई गाउँपालिकाले रु आठ लाख र परियोजनाले रु पाँच लाख लगानी गरे । रु १३ लाख लगानीमा एक कोठा, एक भान्सा, शौचालय र स्नान कक्षसहितको चिटिक्कको कुरुवा घर तयार भयो । अहिले असुरैना हेल्थपोष्टमा असुरैनाका मात्र होइन, सम्मरीमाईका अन्य क्षेत्रबाट पनि सुत्केरी हुन आउँछन् । देखिनेगरी परिवर्तन गरेका यहाँका स्वास्थ्य स्वयंसेविकाहरु अहिले खुसी हुँदै घरघर पुगेर गर्भवती, सुत्केरी र शिशुको स्वास्थ्योपचारमा खटिएका भेटिन्छन् । तर, उनीहरुका लागि कसैले थप सुविधा दिएको छैन ।

निःशुल्क र निःस्वार्थ सरकारका स्वास्थ्य अभियानमा खट्ने व्यक्ति हुन् महिला स्वास्थ्य स्वयंसेविका । उनीहरुको पारिश्रमिक छैन तर काम र भूमिकाको सीमा छैन । उनीहरुकै कारण धेरै शिशु मृत्युको मुखबाट बचेका छन् भने धेरै आमाले ज्यान जोगाएका छन् । रुपन्देहीको मायादेवी गाउँपालिका-३ की रुक्सना खातुनको कुरा गरौँ । उनी गर्भवती थिइन् । चार महिना सुरु हुँदै थियो, उनी अचेत भइन् । घरमा कोही थिएन । स्वास्थ्य स्वयंसेविका रञ्जना चौधरीले थाहा पाइन् । उनले तत्काल एम्बुलेन्स खोजिन् र कम्हरिया हेल्थपोष्टमा पुऱ्याइन् । तत्काल स्वास्थ्य संस्था पुऱ्याएका कारण उपचारपछि रुक्सना ब्युँतिन् । त्यसपछि लगातार तीन महिना हरेक साता स्वास्थ्य परीक्षण गर्नुपर्ने भयो । रञ्जनाले हरेक हप्ता रुक्सनालाई स्वास्थ्यचौकी पुऱ्याउने र उपचारमा सघाउने काम गरिन् । माघ दोस्रो साता रुक्सनाले सुरक्षित तरिकाबाट स्वस्थ सन्तान जन्माइन् । रञ्जनाको काम अझै सकिएको छैन । उनी अहिले पनि हरेक हप्ता घरमा पुगेर आमा र शिशुको स्वास्थ्य अवस्थाबारे बुझ्छिन् । सो अवस्था स्वास्थ्यचौकीमार्फत स्वास्थ्य कार्यालयमा पठाउँछिन् । रञ्जना १४ वर्षयता यहाँका दुई सय ८० घरपरिवारका महिला, बालबालिकालगायतको आधारभूत स्वास्थ्य र प्रजनन् स्वास्थ्यको सुरक्षा गरिरहेकी छिन् । अहिले पनि उनी मातहत ३१ गर्भवती र १३ सुत्केरी महिला र बालबालिका छन् । कामको बोझ जति थपिए पनि उनलाई सुविधा थपिँदैन ।

महिला स्वास्थ्य स्वयंसेविका नेपालको स्वास्थ्य सुधारका मेरुदण्ड हुन् । उनीहरु निरन्तर ग्रामीण भेग र दूरदराजका बस्तीमा मातृशिशु स्वास्थ्य र आधारभूत स्वास्थ्य सुधारमा खटेका छन् । आफूले काम गरेको समुदाय र देशको स्वास्थ्य प्रणालीलाई जोड्ने पुलको काम गरेका छन् । चिकित्सकको पहुँच नहुने ठाउँमा बालस्वास्थ्य, मातृस्वास्थ्य, प्राथमिक उपचार, राष्ट्रिय खोप अभियानहरु सञ्चालन गर्दै आएका छन् । स्वास्थ्य स्वयंसेविकाले गाउँका घरघरमा पुगेर प्राथमिक उपचारसँगै सुरक्षित मातृत्व, परिवार नियोजन, झाडापखाला, श्वासप्रश्वास नियन्त्रण, पोषण र बालस्वास्थ्य सेवा दिन्छन् । खोप अभियानदेखि आधारभूत स्वास्थ्य कार्यक्रमको प्रवर्द्धन गर्छन् । गर्भवतीलाई गर्भजाँच र सुत्करी हुन आफैंले स्वास्थ्य संस्था लैजान्छन् । महिला स्वास्थ्य स्वयंसेविकाकै कारण देश आधारभूत स्वास्थ्य सुधार गर्न र मातृशिशु मृत्यु घटाउन सफल भएको छ । सुरक्षित सुत्केरी सेवाको पहुँचलाई बढाउन, ठूलाठूला महामारीजन्य रोगविरुद्धको अभियान सफल पार्न सकेको छ । अभियान सफल भएकामा उनीहरुलाई प्रोत्साहन भने गरिएको छैन ।

स्वास्थ्य अभियानमा निःस्वार्थ र निःशुल्क सहयोग गर्न भन्दै तत्कालीन गाविसमा २०४५ र नगरपालिकामा २०५२ सालबाट सरकारले स्वास्थ्य स्वयंसेविकाहरु राख्ने नियम बनाएको हो । अहिलेसम्म देशभरमा करिब ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका छन् । देशका हरेक स्थानीय तहका हरेक वडामा एक जना स्वास्थ्य स्वयंसेविका छन् । उनीहरुले गर्भवती र सुत्केरीसहितको 'स्वास्थ्य आमा समूह' गठन गर्छन् । समूहलाई मातृशिशु र आधारभूत स्वास्थ्यबारे पनि सिकाउँछन् । वास्तवमा समाजमा बोल्न नसक्नेको आवाज, हिंड्न नसक्नेको खुट्टा र सुन्न नसक्नेको इशारा हुन् स्वास्थ्य स्वयंसेविका । यद्यपि, महिला स्वास्थ्य स्वयंसेविकाका मामिलामा 'काम गर ज्याला चाहिँ दिन्नौँ भन्ने राज्यको नीति' छ । यही कारण झण्डै ३६ वर्षअघिदेखि स्वास्थ्य अभियानमा सक्रिय महिला स्वास्थ्य स्वयंसेविकाको काम गर्ने आत्मबल भने गिरेको छ ।

सरकारले स्वास्थ्यमा करोडौँ लगानी गरेको छ । हरेक वर्ष आधारभूत र महामारीजन्य रोगविरुद्ध स्वास्थ्य अभियान थपिँदै गएका छन् । स्वास्थ्य अभियान थपिँदै जाँदा स्वास्थ्य स्वयंसेविकाको कामको बोझ पनि थपिँदै गएको छ । पछिल्लो समय किशोरकिशोरी स्वास्थ्य, वृद्धवृद्धा, मृत्यु दर्ता, बसाइँसराइ र जन्मदर्ताको जिम्मा पनि उनीहरुलाई दिइएको छ । तर, ग्रामीण क्षेत्रका दूरदराजसम्म पुगेर स्वास्थ्य अभियान सम्पन्न गर्ने स्वास्थ्य स्वयंसेविकाका लागि भने सरकार सहयोगी छैन । जीवनभर निःशुल्क काम गर्दा जीविकोपार्जनमा समस्या छ । स्वास्थ्य स्वयंसेविकाहरु दिनरात नभनी काममा खट्छन् । जीवनको उर्भर समय स्वास्थ्य अभियानमा बिताउँछन् । तर राज्यले उनीहरुका लागि केही गरेको छैन । महँगीले सीमा नाघेका बेला अभियानमा खट्दा चिया नास्ता खाने रकमसमेत उनीहरुले पाउँदैनन् ।

देश विकासशील मुलुकमा रुपान्तरण हुँदैछ । स्वास्थ्यका संरचना गाउँगाउँमा पुगेका छन् । स्वास्थ्य स्वयंसेविकाको भूमिका अझै घटेको छैन, बरु बढ्दै छ । सन् २०३० सम्म देशले दिगो विकासको लक्ष्य हासिल गर्ने प्रतिबद्धता जनाएको छ । त्यसमा स्वास्थ्यका धेरै नतिजा स्वास्थ्य स्वयंसेविकाको भूमिकामा जोडिएको छ । हाल एक लाख महिला आमा बन्दा एक सय ५१ जनाले ज्यान गुमाउँछन् । सन् २०३० सम्म यो सङ्ख्या घटाएर ७० मा झार्नु छ । हाल शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २१ रहेकामा घटाएर १० बनाउनु छ । बालमृत्युदर प्रतिहजार जीवित जन्ममा २८ जना रहेकामा १२ बनाउनु छ । सस्थागत सुत्केरी ७९ बाट ९० प्रतिशतमा पुऱ्याउने लक्ष्य छ । कुपोषणको दर ३३ बाट १९, पूर्ण खोपको अवस्था ८० प्रतिशतबाट ९५ प्रतिशतमा पुऱ्याउने भनिएको छ । यी सबै लक्ष्य हासिल गर्न थालिएका हरेक काममा स्वास्थ्य स्वयंसेविकाहरु खटेका छन् ।

यतिधेरै जिम्मेवारी पाएका स्वास्थ्य स्वयंसेविकाहरुले सङ्घीय सरकारले पोशाकबापत रु १० हजार र यातायातबापत रु १२ हजार दिन्छ । खोप अभियानका दिन रु चार सय यातायात खर्च पाउँछन् । विकटका स्वयंसेविकालाई यो खर्च आउनजान पनि पुग्दैन । सेवाबाट निस्कँदा रु २० हजार प्रोत्साहन भत्ता भनेर दिने गरेको छ । तर बिरामी वा अशक्त नै भए पनि ६० वर्ष पहिला निस्कने स्वास्थ्य स्वयंसेविकाले यो सुविधा पाउँदैनन् । कम्तीमा २० वर्ष सेवा गरेका स्वयंसेविकालाई पनि प्रोत्साहन भत्ता दिनुपर्ने माग उठ्दै आएको छ । महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गर्न कतिपय स्थानीय तहले साइकल, झोलालगायत वितरण गरेका छन् । सेवा छोड्ने बेलामा केही प्रोत्साहन रकम दिने गरेका छन् । प्रदेश सरकारहरुको भूमिका भने त्यसमा देखिँदैन । स्वयंसेवाका नाममा निःशुल्क र निःस्वार्थ स्वास्थ्य अभियानमा खटेका स्वास्थ्य स्वयंसेविकालाई सरकारबाट थप सुविधा र निवृत्तिभरण सुविधा आवश्यक छ । स्वयंसेविकाको कामको मूल्याङ्कन र तीन तहकै सरकारबाट प्रोत्साहन जरुरी देखिन्छ ।

### *अहिलेको संविधानले....*

व्यवस्थामा देशमा धेरै आर्थिक विकास र जनताको प्रगति भएको छ । त्यसैले राजाको पालामा र अहिलेको पालामा तुलना गर्ने हो भने अहिले जनताको जीवनस्तरमा सुधार आएको छ । तर, केही भएन भनेर जनतामा गलत भ्रम फैलाउने भाष्य बनाइएको छ ।"

सांसद पन्तले नेपालको अहिलेको संविधानले राजतन्त्र चिन्दैन भन्दै राजतन्त्र फर्कने सपना नदेख्न सम्बन्धित पक्षलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालको अहिलेको संविधानले राजतन्त्र चिन्दैन । नेपाली जनतालाई राजतन्त्र चाहिएको पनि छैन । त्यसैले यो संसद्मा छलफलको विषय बन्न सक्दैन । राजतन्त्र इतिहास भइसक्यो । गणतन्त्र आजको युगको सत्य हो ।" उहाँले बिदा भइसकेको राज्तन्त्र ल्याउने सङ्घर्षको विपक्षमा प्रतिपक्ष गइसक्यो भन्दै सत्तापक्ष पनि सडक आउनुपर्ने अवस्था नआओस् भन्नुभयो ।

"तराईको भूमिपुत्रलाई राष्ट्रपति बनाइयो के बिग्रियो ?, सुदूर पहाडकी चेली राष्ट्रपति भइन् के बिग्रियो ?, भोलि, राई, लिम्बू वा कुनै समुदायको व्यक्ति राष्ट्रपति होला किन आपत्ति गर्नुपर्‍यो", सांसद पन्तले भन्नुभयो । राजतन्त्रबारे अनावश्यक बहसमा समय खर्चिन नहुने उहाँको कथन थियो । उहाँले पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिने विषयलाई प्रतिपक्षी दलले अनावश्यक टीकाटिप्पणी गरिरहेको भन्दै यसबारेको यथार्थ सम्बन्धित मन्त्रीले जवाफ दिनुपर्ने बताउनुभयो ।

"सरकारले जथाभावी गर्नुभएन, मापदण्ड बनाएर सुविधा देऊ भनेर अदालतको आदेश छ । उक्त विधेयकको मस्यौदा डेढ वर्षदेखि विचाराधीन छ", उहाँले भन्नुभयो, "संसद्मा विषय उठेपछि सम्बन्धित मन्त्रीले यथार्थ जवाफ दिनुपर्छ । म प्रधानमन्त्रीलाई पनि आग्रह गर्दछु, जनताको चासो र भावनालाई सम्बोधन गरियोस् । यो प्रधानमन्त्रीय व्यवस्था हो । क्याबिनेटले राम्रोसँग काम गर्न सकेको छैन भने 'पर्फमेन्स' नदिने मन्त्री राखिराख्न जरुरी छैन ।"

## विश्व समाचार

### यमनमा हुथी विद्रोहीविरुद्ध 'निर्णायक र शक्तिशाली' सैन्य कारबाही गर्ने ट्रम्पको घोषणा

वासिङ्डन डिसी, ३ चैत (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यमनका हुथी विद्रोहीविरुद्ध 'निर्णायक र शक्तिशाली' सैन्य कारबाहीको घोषणा गर्नुभएको छ । अमेरिकाले हुथी विद्रोहीलाई विदेशी आतङ्कवादी सङ्गठनको रुपमा पुनः परिभाषित गरेको करिब १५ दिनपछि यो घोषणा भएको हो । "आज मैले अमेरिकी सेनालाई यमनमा हुथी आतङ्कारीविरुद्ध निर्णायक र शक्तिशाली सैन्य कारबाही गर्न आदेश दिएको छु । उनीहरूले अमेरिकी र अन्य सहयोगी मुलकका जहाज, विमान र ड्रोनविरुद्ध पाइरेसी, हिंसा र आतङ्कवादको अनवरत अभियान चलाएका छन्," ट्रम्पले आफ्नो ट्रुथ सोसल मिडिया प्लेटफर्ममा लख्नुभएको छ । अमेरिकाले हुथी विद्रोहीविरुद्ध 'अत्यधिक घातक बल' प्रयोग गर्ने बताउँदै उनीहरूले स्वेज नहर,रेड सी र एडेनको खाडीबाट ढुवानीमा अवरोध पुऱ्याएको आरोप लगाउनुभएको छ । उहाँले भन्नुभयो, "अमेरिकी पानीजहाजमा हुथीको आक्रमण सह्य हुने छैन । जबसम्म हामीले आफ्नो उद्देश्य प्राप्त गर्दैनौं तबसम्म हामी अत्यधिक बल प्रयोग गर्नेछौँ ।" राष्ट्रपति ट्रम्पले भन्नुभयो, "हुथी विद्रोहीले विश्वको सबैभन्दा महत्वपूर्ण जलमार्गमध्ये एकमा पानीजहाज बन्द गरेका छन्, विश्वव्यापी बजारको विशाल भूभागलाई रोकेका छन् र नेभिगेसनको स्वतन्त्रताको मूल सिद्धान्तमाथि आक्रमण गरेका छन्, जसमा अन्तर्राष्ट्रिय व्यापार र वाणिज्य निर्भर छ ।" उहाँले पूर्व राष्ट्रपति जो बाइडेनले हुथीविद्रोहीविरुद्ध दिएको 'कमजोर' प्रतिक्रियाको आलोचना गर्दै हुथी विद्रोहीले अमेरिकी सैन्य र व्यापारिक जहाजमाथि गरेको आक्रमणले अमेरिका र विश्व अर्थतन्त्रलाई अर्बौं डलरको क्षति पुगेको बताउनुभएको छ । चार महिनाअघि लाल सागर हुँदै जाने अन्तिम अमेरिकी युद्धपोतमाथि हुथी विद्रोहीले दर्जनभन्दा बढी पटक आक्रमण गरेका थिए । इरानको आर्थिक सहयोगमा हुथी विद्रोहीले अमेरिकी विमानमा क्षेप्यास्त्र प्रहार गरेका अमेरिकी सैनिक तथा सहयोगीलाई निशाना बनाएका छन् । ट्रम्पले अगाडी भन्नुभयो, "कुनै पनि आतङ्कवादी शक्तिले अमेरिकी व्यापारिक र नौसैनिक जहाजहरूलाई स्वतन्त्र रूपमा विश्वको जलमार्गमा यात्रा गर्नबाट रोक्ने छैन ।" ट्रम्पले इरानलाई प्रत्यक्ष चेतावनी दिँदै हुथी विद्रोहीलाई दिएको समर्थन अन्त्य गर्न र जारी रहे गम्भीर परिणाम भोग्नुपर्ने पनि चेतावनी दिनुभएको छ । हुथी आतङ्कारीहरूलाई इरानको समर्थन तुरुन्तै समाप्त हुनुपर्ने अन्यथा इरानले पनि यसको नराम्रो प्रतिफल प्राप्त गर्ने उहाँले चेतावनी दिनुभयो ।

### स्पेसएक्स यान आईएसएसमा पुग्न सफल

केनेडी स्पेस सेन्टर, ३ चैत (रासस/एएफपी) ।

अमेरिकी निजी अन्तरिक्ष कम्पनी स्पेसएक्सको रकेट आइतबार अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आईएसएस) मा सकुशल पुगेको छ । नौ महिनाभन्दा बढी समयदेखि आइएसएसमा फसेका दुई अन्तरिक्ष यात्रीलाई पृथ्वीमा ल्याउन उक्त यानलाई अन्तरिक्षमा पठाइएको थियो । यो यानमा १० यात्रीलाई पठाइएको थियो । दुबै यानको भेटपछि उनीहरूले अन्तरिक्षमा फसेका दुई यात्री बुच विल्मोर र सुनी विलियम्ससँग भेट गरी आपसमा खुशी साटेका छन् । स्पेसएक्सको रकेट अन्तरिक्ष यात्रीहरूलाई प्रत्यक्ष टिभीमा शून्य गुरुत्वाकर्षणमा आफ्ना समकक्षीहरूलाई अँगालो हालेको टेलिभिजनबाट प्रत्यक्ष प्रशारित फुटेजमा देखाइएको थियो । आफ्नो पहिलो चालक दलयात्रामा परीक्षण गरिरहेको बोइङ स्टारलाइनर अन्तरिक्ष यानले उनीहरूलाई पृथ्वीमा फिर्ता उडान गर्न असमर्थ भएपछि बुच विल्मोर र सुनी विलियम्स गत जुनदेखि कक्षीय प्रयोगशालामा फसेका थिए । त्यसपछि विल्मोर र विलियम्सको यात्रा नौ महिनासम्म लम्बिएको हो । यो लगभग छ महिनाको अन्तरिक्ष यात्रीहरूको लागि मानक आईएसएस रोटेशन भन्दा धेरै लामो भएको छ । तर यो सन् २०२३ मा नासाका अन्तरिक्ष यात्री फ्रान्क रुबियोले बनाएको ३७१ दिनको अमेरिकी अन्तरिक्ष रेकर्ड वा मिर अन्तरिक्ष स्टेशनमा लगातार ४३७ दिन बिताएका रुसी अन्तरिक्ष यात्री भ्यालेरी पोल्याकोभको विश्व रेकर्डभन्दा छोटो हो । तैपनि, आफ्नो परिवारबाट लामो समयसम्म टाढा रहनुको अनपेक्षित प्रकृतिले उनीहरूप्रतिको चासो र सहानुभूति बढाएको छ । उनीहरूले यति लामो समयका लागि अतिरिक्त लुगाफाटा र व्यक्तिगत हेरचाहका सामानहरूसमेत साथमा लगेका थिएनन् ।

### रात्रि क्लबमा आगलागी हुँदा ५१ जनाको मृत्यु

स्कोप्जे, म्यासेडोनिया, ३ चैत (रासस/एएफपी) ।

उत्तरी म्यासेडोनियाको एक रात्रि क्लबमा आइतबार बिहान आगलागी हुँदा ५१ जनाको मृत्यु भएको त्यहाँको गृहमन्त्रालयले जनाएको छ । म्यासेडोनियाका पूर्वी शहर कोकानीस्थित 'क्लब पल्स'मा भएको आगलागीमा परी कम्तीमा ५१ जनाको मृत्यु भएको र १०० भन्दा बढी घाइते भएको गृहमन्त्री पान्स टोस्कोभस्कीले बताउनुभएको हो । डीएनके नामक एक लोकप्रिय हिप-हप जोडी हेर्नको लागि करिब एक हजार भन्दा बढी युवा प्रशंसकहरू भेला भएको र उक्त स्थानमा एक्कासी आगलागी भएपछि उनीहरूको हताहत भएको हो । "कन्सर्टमा 'लाइट इफेक्ट'का लागि प्रयोग गरिने 'पाइरोटेक्निक डिभाइस'को प्रयोगका कारण आगलागी भएको हुन सक्छ," तोस्कोभस्कीले भन्नुभयो । उहाँले भन्नुभयो, "ज्वालालले सजिलै ज्वलनशील पदार्थले बनेको छतलाई समात्यो, त्यसपछि आगो पूरै बाक्लो धुवाँसहित हलमा फैलियो । हेलिकप्टरले केही घाइतेलाई राजधानी स्कोप्जेका अस्पतालमा पुऱ्याएको छ । तीमध्ये २७ जनालाई नाउम ओह्रिड्स्की क्लिनिकमा भर्ना गरिएको अस्पतालका चिकित्सक नेबोजा नास्टोभले अनलाइन सञ्चारमाध्यम एसडीकेलाई बताउनुभयो । एसडीकेका अनुसार स्थानीय समयअनुसार बिहान ३ बजे आगलागी सुरु भएको थियो । सामाजिक सञ्जालमा पोस्ट गरिएका र आगो लाग्नुअघि खिचिएका भिडियोहरूमा 'स्टेज फाउन्टेन' वा 'स्टेज जेट' को प्रयोग देखाइएको थियो । यो कार्यक्रमको क्रममा प्रयोग हुने एक प्रकारको हलमा प्रयोग गरिने आतिशबाजी हो । म्यासेडोनियाका सञ्चारमाध्यमले सार्वजनिक गरेका अन्य भिडियोमा भवनको प्रवेशद्वारमा आगोको लप्काले कालो पारेको देखिएको छ । "अहिलेसम्म हामीसँग भएको तथ्याङ्कअनुसार ५१ जनाले ज्यान गुमाएका छन्" घटनास्थलको अवलोकनपछि गृहमन्त्री टोस्कोभस्कीले भन्नुभयो, "करिब १०० व्यक्ति घाइते भएका छन् ।" "घाइतेहरूलाई स्थानीय अस्पताल, राजधानी स्कोप्जे र दक्षिणमा करिब ३० किलोमिटर (२० माइल) को दूरीमा रहेको स्टिप शहरमा लगिएको छ," उहाँले भन्नुभयो ।

# सुन पसलबाट गरगहनासहित लकर तथा क्यामराको हार्डडिस्क समेत चोरी

**दैनिक समाचारदाता**
**महोत्तरी, ३ चैत ।**

महोत्तरीको बलवास्थित शिवशान्ति ज्वेलर्समा शनिबार राती चोरी भएको छ । आइतबार बिहान ९ बजे संचालकले पसल खोल्न गएपछी मात्र चोरी भएको थाहा भएको हो ।

बलवा नगरपालिका ३ परौल बजारमा रहेको शिवशान्ति ज्वेलर्सको ताल्चा फोडेर चोरहरुको समूहले गरगहनासँगै पसलमा राखिएको लकर चोरेर लगेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

प्रहरीका अनुसार जीप चढेर आएका चोरहरूको समूहले लुटपाट गरी बर्दिवासतर्फ भागेको सीसीटीभी फुटेजमा देखिएको छ । चोरी भएको गहनाको परिमाण र मूल्य यकिन हुने काम भइरहेको महोत्तरी प्रहरीले जनाएको छ ।

शिवशान्ति ज्वेलर्सका सञ्चालक अरुण कुमार साहका अनुसार ५ जनाको समूहमा आएका चोरहरूले पसलमा रहेको २० तोला सुन, १ लाख ५० हजार नगद, पसलमा राखिएको भोल्ट ( लकर), क्यामराको हार्डडिस्क चोरी गरेर लगेको छ ।

सुन पसलमा लागेको क्यामराको हार्डडिस्क चोरहरूले लगेपछि नजिकै रहेको अन्य क्यामरामा चोरी गर्न प्रयोग भएको जीप र चोरीमा संलग्नहरूको भिडियो कैद भएको छ ।

# शिक्षकको शैक्षिक प्रमाणपत्र नक्कली रहेको आरोपमा बिशेष अदालतमा आरोपत्र दायर

**दैनिक समाचारदाता**
**सर्लाही, ३ चैत ।**

सर्लाही जिल्लाको बरहथवा नगरपालिकास्थित श्री चक्र जनता शहीद गंगा माध्यमिक विद्यालयका शिक्षक पवन कुमार बुढाथोकीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आइतबार आरोपपत्र दायर गरेको छ ।

आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलद्वारा विज्ञप्तिमा उजुरीको आधारमा अनुसन्धान हुँदा शिक्षक बुढाथोकीले तृतीय पद नियुक्तिको लागि त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खु काठमाडौंबाट जारी भएको प्रवीणता प्रमाण-पत्रको लब्धाङ्क पत्र झुट्टा रहेको जनाइएको छ ।

नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी राष्ट्रसेवकको ओहदा, लाभ र सुविधा प्राप्त गरेको पुष्टि भएको हुँदा शिक्षक बुढाथोकीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, दफा २९ बमोजिम र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगद्वारा जारि विज्ञप्तिमा उल्लेख छ ।

# होली खेल्ने क्रममा छुरी प्रहारबाट एकको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, ३ चैत ।**

जनकपुरधाम उपमहानगरपालिका २३ बिन्धी चोकमा शनिबार होली खेल्ने क्रममा भएको विवादमा छुरी प्रहारबाट एक युवकको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार मृतक १९ वर्षीय आँशु यादव छन् । प्रहरीका अनुसार छुरी प्रहार गरेको आरोपमा जनकपुरधाम २३ का २१ वर्षीय धर्मेन्द्र महतोलाई पक्राउ गरिएको छ ।

धनुषा प्रहरीले दिएको प्रारम्भिक जानकारी अनुसार होली खेल्ने क्रममा रमाइलो गरिरहँदा विवाद उत्पन्न भएको थियो । सोही क्रममा धर्मेन्द्र महतोले छुरी प्रहार गर्दा गम्भीर घाइते भएका आँशुलाई अस्पताल लगिएको थियो । तर उपचारका क्रममा उनको मृत्यु भयो ।

धनुषासहित मधेसका अधिकांश जिल्लामा शुक्रबार होली मनाइएको भएपनि जनकपुरधाममा भने शनिवार होली मनाइएको थियो ।

# घरजग्गा कारोबारबाट फागुनमा चार अर्ब राजस्व सङ्कलन

काठमाडौं, ३ चैत (रासस) ।

घरजग्गाको कारोबारबाट गत फागुन महिनामा रु चार अर्ब १२ करोड बराबरको राजस्व सङ्कलन भएको छ । देशभरको घरजग्गाको कारोबारको विवरण राख्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार गत माघको तुलनामा फागुनमा राजस्व सङ्कलनमा वृद्धि भएको छ ।

घरजग्गा कारोबार क्रमश: लयमा फर्कन थालेको र राजस्व सङ्कलनमा समेत क्रमश: वृद्धि हुँदै गएको विभागको विवरणमा उल्लेख छ । विभागका अनुसार सेवा करबाट रु २८ करोड ८४ लाख ६८ हजार, रजिस्ट्रेशन दस्तुर रु दुई अर्ब २० करोड ३७ लाख ८९ हजार र पुँजीगत लाभकरबाट रु एक अर्ब ५७ करोड ७१ लाख ६४ हजार सङ्कलन भएको छ ।

विभागले गत साउनमा रु तीन अर्ब ८३ करोड ५० लाख, भदौमा रु तीन अर्ब नौ करोड, असोजमा रु तीन अर्ब आठ करोड १२ लाख, कात्तिकमा रु दुई अर्ब ७० करोड ४० लाख, मङ्सिरमा रु तीन अर्ब ८७ करोड, पुसमा रु चार अर्ब २५ करोड २२ लाख र माघमा रु तीन अर्ब ८७ करोड २४ लाख राजस्व सङ्कलन गरेको थियो ।

मालपोत कार्यालय कलङ्कीले गत फागुनमा रु २२ करोड ६१ लाख, मालपोत कार्यालय चाबहिलले रु २१ करोड ६८ लाख ५२ हजार, मालपोत कार्यालय लगनखेलले रु ३८ करोड २८ लाख तथा मालपोत कार्यालय खैरहनी, चितवनले रु तीन करोड ९४ लाख ४१ हजार राजस्व सङ्कलन गरेको विभागले जनाएको छ ।

# पेट्रोलमा पाँच, डिजल तथा मट्टीतेलमा चार रुँपैया मूल्य घट्यो

**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको छ । निगम सञ्चालक समितिको शनिबारको बैठकले शनिबार मध्यरातदेखि लागू हुने गरी पेट्रोलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर पाँच र डिजेल तथा मट्टितेलको मूल्यमा प्रतिलिटर चारले घटाउने निर्णय गरेको हो ।

मूल्य घटेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा पेट्रोल क्रमश: प्रतिलिटर एक सय ६० रुपैयाँ ५० पैसा, एक सय ६२ रुपैयाँ र एक सय ६३ रुपैयाँ तथा डिजेल/मट्टितेल प्रतिलिटर एक सय ४८ रुपैयाँ ५० पैसा, एक सय ५० रुपैयाँ र एक सय ५१ रुपैयाँ कायम भएको छ ।

इण्डियन आयल कर्पोरेसनबाट शनिबार प्राप्त नयाँ मूल्यसूचीअनुसार पेट्रोल तथा डिजेलको नयाँ खरिद मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको हो ।

# वीरगञ्जमा लामखुट्टेको आतङ्क बढ्यो

वीरगञ्ज (पर्सा), ३ चैत (रासस) ।

औद्योगिक तथा व्यापारिक नगरीको रूपमा परिचित वीरगञ्जमा केही सातादेखि लामखुट्टेको आतङ्कले सर्वसाधारण जनता आजित भएका छन् । वीरगञ्ज महानगर क्षेत्रमा गर्मीको सुरूआतसँगै लामखुट्टेको प्रभाव देखिएकाले यहाँका सर्वसाधारण बिहान र साँझको समयमा निकै सास्ती पाउँदै आइरहेका छन् ।

होलीको समयमा सरसफाइका कर्मचारी बिदामा भएकाले पनि महानगरको भित्री सडकमा फोहरमैला उठ्न सकेको थिएन । त्यही कारणले पनि लामखुट्टेको प्रभाव झनै बढेको हो । जाडो मौसमको अन्त्य र गर्मी मौसमको सुरूआती भएकाले पनि लामखुट्टेको प्रभाव झनै देखिएको हो ।

वीरगञ्ज महानगर वडा नं ६ मिनाबजारमा व्यापार गर्दै आइरहेका परशुराम तेली पनि अत्यधिक मात्रामा वीरगञ्जमा लामखुट्टे देखिए पनि वीरगञ्ज महानगरले लामखुट्टेको स्प्रे छर्किनलाई बेवास्ता गरेको बताउनुभयो । "साँझ र बिहानको समयमा बाहिर बसिसक्नुछैन", उहाँले भन्नुभयो, "यतिविघ्न लामखुट्टे आउँदा पनि महानगर के हेरेर बसेको छ ।" तेली मात्रै होइन, वीरगञ्ज महानगर वडा नं ४ बिर्ताका राकेश झा पनि लामखुट्टेको आतङ्कबाट आजित भएको गुनासो गर्नुहुन्छ ।

"एक त वीरगञ्जको नाला खुल्लै छ । जसको कारणले लामखुट्टेको आतङ्क बढेको बढ्दै छ", उहाँले भन्नुभयो, "मेयरसाबले वीरगञ्जलाई स्वच्छ र हराभरा बनाउँछु भन्नुहुन्छ । यहाँ त मच्छडगञ्ज भइसक्यो ।" डेङ्गी ज्वरो लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो ।

डेङ्गीको विषाणुद्वारा सङ्क्रमित भएको पोथी लामखुट्टेले यो रोग सार्दछ । रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रमाभन्दा सहरी क्षेत्रमा बढी पाइने गरेको छ ।वीरगञ्ज महानगरका सरसफाइ व्यवस्थापन शाखा प्रमुख सर्फुद्दिन मियाँले आइतबारदेखि वीरगञ्जका वडामा लामखुट्टे मार्नका लागि ३२ वटै वडामा कार्यतालिका बनाएर लामखुट्टे मार्ने अभियान सुरू गर्न लागेको जानकारी दिनुभयो ।

"गर्मीको सुरुवातसँगै बढ्दो लामखुट्टेको प्रकोप र त्यसबाट फैलन सक्ने डेङ्गी, मलेरिया र इन्सेफलाईटिस जस्ता प्राणघातक रोगको सङ्क्रमणलाई नियन्त्रण गर्न वडा नं १ देखि ३२ वटै वडामा कार्यतालिका बनाएका छौँ," उहाँले भन्नुभयो, "महानगरले लामखुट्टको लार्भा मार्नका लागि बिहानदेखि साँझमा नालामा पम्प स्प्रेबाट लार्भा साईटिड स्प्रे तीन पटक तथा वयस्क लामखुट्टे मार्न बेलुकीदेखि रातिसम्म ऐयर स्प्रे दुई पटक कार्यक्रम राखिएको छ ।"

यद्यपि वीरगञ्ज महानगरले गत फागुन २५ गते लामखुट्टे नियन्त्रणको लागि चैत ३ गतेदेखि पम्प तथा ऐयर स्पे कार्यक्रमको कार्यतालिकासमेत सार्वजनिक गरेको थियो । यो अभियान आइतबारदेखि चैत २४ गतेसम्म जारी रहने बताइएको छ ।

# समाजवादी मोर्चाले यही चैत १५ गते जनप्रदर्शन गर्ने

ललितपुर, ३ चैत (रासस) ।

समाजवादी मोर्चा नेपालले यही चैत १५ गते काठमाडौँमा जनप्रदर्शन गर्ने भएको छ । शनिबार ललितपुरमा आयोजित कार्यक्रममा मोर्चाको सचिवालयका सचिव खड्गबहादुर विश्वकर्मा ( प्रकाण्ड) ले पछिल्लो समय देखिएको अन्योलता र नेपाली जनताको अधिकार कुण्ठित हुने अवस्थाविरुद्ध सन्देश प्रवाह गर्ने उद्देश्यले जनप्रदर्शन गर्ने निर्णय भएको जानकारी दिनुभयो ।

पत्रकार सम्मेलनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले समावेशी र समानुपातिक व्यवस्थाका पक्षधरले आमजनतालाई आफ्नो कुरा भन्नका लागि कार्यक्रम आयोजना गरिएको बताउनुभयो । "पछिल्लो पटक सरकारमा हुँदा भ्रष्टाचारविरुद्ध केही राम्रो काम गरेकै हो । पहिले सरकारमा थियौँ, अहिले जनताका घरदैलोमा छौँ । विगतमा हामीबाट केही त्रुटि भएकै हो, हाम्रा मुद्दा छुट्न गएकै हुन् । यसलाई मनन गरेका छौँ", उहाँले भन्नुभयो ।

अध्यक्ष दाहालले जनभावना, धर्मसंस्कृतिविरुद्ध नभई लामो सङ्घर्ष र बलिदानीमार्फत प्राप्त उपलब्धि र गणतन्त्रमाथि समस्या सिर्जना नहोस् भन्ने अभिप्राय रहेको बताउनुभयो । उहाँले देशको स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमसत्ताविरुद्ध जनतालाई सुसूचित गराउनु आफ्नो दायित्व भएको बताउनुभयो । अध्यक्ष दाहालले समाजवादी मोर्चाको अन्तिम लक्ष्य समाजवादी गणतन्त्र भएको बताउँदै अहिले उद्योग-व्यवसायमा आधारित रहेर जनतालाई आर्थिक समृद्धि दिने, ग्रामीण अर्थतन्त्रको विकास गर्दै जनताको जीवनमा परिवर्तन ल्याउने तत्कालीन लक्ष्य रहेको बताउनुभयो । उहाँले संविधान जारी भएको दश वर्ष हुन लागेकाले संशोधनको विषयमा छलफल आवश्यक रहेको बताउनुभयो ।

पूर्वप्रधानमन्त्री दाहालले राजतन्त्रलाई लक्षित गरेर हिजो मात्रै बोलेको धारणा नयाँ नभई भूमिगतकालदेखि नै उठाइएको बताउनुभयो । "भूमिगत हुँदा पनि यही कुरा बोलेको थिए, अहिले पनि यही कुरा बोलेको छु । आमनेपाली जनताका मनमा भएको कुरा मैले बोलेको हुँ", अध्यक्ष दाहालले भन्नुभयो,"यसका साथै हामीले समाजवादी मोर्चा गठन गरेका छौँ, त्यसको उद्देश्यअनुरुप नै अगाडि बढिरहेका छौँ । समावेशी, समानुपातिक गणतन्त्र ल्याउन नेपाली जनताको धेरै ठूलो योगदान र परिश्रम रहेको छ । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो ।"

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेपाली विशेषताको समाजवादी गणतन्त्र अहिलेको आवश्यकता रहेको बताउनुभयो । उहाँले वंशका आधारमा शासन गर्नेहरूले नेपालको इज्जत, प्रतिष्ठा कायम राख्न नसक्ने भन्दै परिवर्तन चाहनेहरूले अग्रगमनतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । नेता नेत्रविक्रम चन्द 'विप्लव सी' ले नेपालका माओवादीलाई एकढाक्रा ल्याउने अभियान र छलफल चलिरहेको बताउनुभयो ।

*छुट्टाछुट्टै स्थानमा ...*

भएको छ ।

अचानक लागेको आगोले सब वन डिभिजन कार्यालयमा राखिएको काठको गोलीया अन्दाजी २ लाख ५० हजार मूल्य बराबरको नष्ट भएको प्रहरीले जनाएको छ ।

आगो लक्ष्मीपुरको प्रहरी टोली, स्थानिय र बारुणयन्त्रको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# बालीको बिमा गराउन सांसदको माग

काठमाडौँ, ३ चैत (रासस) ।

सांसद हितराज पाण्डेले गत फागुन २८ र २९ गते गण्डकी एवं बागमती प्रदेशका विभिन्न जिल्लामा आएको असिनाबाट किसानलाई ठूलो क्षति भएको बताउनुहुँदै क्षतिको तथ्याङ्क सङ्कलन गरी संसद्मा जानकारी गराउन माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकको आकस्मिक समयमा उहाँले किसानको बालीको बिमा गराउन माग समेत गर्नुभयो ।

सांसद रामहरि खतिवडाले सभामुखको दाहिनेतिर राखिएको क्यामेरा बिग्रिएकाले मर्मत गर्न माग गर्नुभयो । सांसद मनीष झाले बिसं २०८० भदौ ५ गतदेखि झापाको सुरुङगास्थित नेपाल टेलिकमको कार्यालयका लेखा अधिकृत तथा निमित्त कार्यालय प्रमुख दिलीप सुवेदी बेपत्ता रहेको बताउनुहुँदै सरकारको ध्यानाकर्षण गराउनुभयो । उक्त घटनाको शीघ्र अनुसन्धान गरी पीडित परिवारलाई क्षतिपूर्तिको व्यवस्था मिलाउन समेत उहाँले माग गर्नुभयो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*